# प्रदेश सभा

## सुदूरपश्चिम

२०७६/०४/२४

चौथो अधिवेशन

(३२औं वैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको ३२औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरू,**

अब शून्य समय शुरु हुन्छ ।

३. **माननीय सदस्यहरू,**

सुदूरपश्चिम प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम सार्वजनिक महत्वको समसामयिक विषयमा बोल्न शून्य समय माग भई आएकोले उक्त समय निर्धारण गरेको छु । शून्य समयमा बोल्ने प्रत्येक माननीय सदस्यहरूको लागि ३ मिनेटको समय निर्धारण गरेको छु । सर्वप्रथम **माननीय कुन्ति जोशी**लाई समय दिन्छु ।

**माननीय कुन्ती जोशी :-** डडेल्धुरा जिल्लामा ट्र्याक्टर दुर्घटनामा परी समिर विष्टको निधन भएकोमा निज प्रति हार्दिक समवेदना व्यक्त  गर्न चाहान्छु । माननीय सभामुख महोदय विशेष गरि हाम्रो डडेल्धुरा जिल्लाको हकमा उपक्षेत्रीय अस्पताल डडेल्धुराको विशेष गरि त्यो अस्पतालमा कार्यरत २६ जना डाक्टहरु मध्ये अहिले जम्मा ४ जना मात्र डाक्टर त्यहा परिचालित छन् र उपक्षेत्रिय अस्पतालमा धैरै असहज परिस्थितिमा छ । विरामीहरुले उपचार नपाउने स्थिति भएको छ । ४ जना डक्टरहरु मध्य पनि १ हप्ता भित्रै उहाहरुको समायोजन हुने भएकाले स्थानीय तहहरुमा जाने निश्चित भैसकेको हुदा त्यहा १ जना मात्रै डक्टर रहने देखिएको छ । यसमा विशेष गरि हाम्रो केन्द्रीय सरकारको मातहतको उपक्षेत्रिय अस्पताल हो र यसका निमित्त डक्टरहरुको त्यहा विशेष समस्याका कारण त्यहा विरामीहरुले अलपत्र पर्नुपर्ने अवस्था छ । असाध्ययी असहज परिस्थिति देखा परेको छ र पहाडि जिल्लाहरु ७ वटा जिल्लाहरुको सबै भन्दा ठुलो अस्पताल पनि भएको उप क्षेत्रिय अस्पताल हो यसका निमित्त त्यहा डक्टरहरुलाई कसरी राख्न सकिन्छ त्यसको निमित्त संघीय सरकारसँग समन्वय गर्नको निमित्त प्रदेश सरकारलाई हार्दिक अनुरोध गर्न चाहान्छु । त्यहा विशेष गरि डडेल्धुरा जिल्लाको हकमा अहिले यस बर्षमा त्यस्तो खालको चाहि पानि देखि लिएर त्यस्तो खालको बर्षा लागेको जस्तो अनुभुति नै नगरेको हुदा मकै देखि लिएर त्यहाका जनताहरुलाई धान खेतिमा समस्या देखिएको पानि नपरेको कारणले गर्दा अलिकति असर परेको देखिएको छ । विशेष गरि अब त्यहा अहिले त्यस्तो खालको समस्याहरु हुदा पनि अब त्यहा कसरी त्यो ठाउँका निमित्त पानि देखि लिएर सिंचाईको व्यवस्थाका लागि प्रदेश सरकारलाई अनुरोध गर्नुभयो ।

**माननीय डिल्ली राज पन्त :-** सभामुख महोदय केहि महिना पहिला धनगढीमा कैलाली कंचनपुरमा हावाहुरीको प्रकोप आएको थियो त्यसमा प्रदेश सरकारबाट जनताले हावाहुरीबाट पिडित जनताले कुनै सुविधा नपाएको गुनासो जताततै सुनिएको छ । यो राहात विपद कोष प्रदेश सरकारले स्थापना गरेको भएतापनि यसलाई परिचालन गर्ने कुनै कार्यक्रम हामीले नदेखेको हुनाले धनगढी र कैलाली र कंचनपुरमा हावाहरी पिडितका लागि प्रदेशको तर्फबाट, प्रदेश सरकारको तर्फबाट जनताले केहि राहात पाउन भन्ने म आग्रह गर्न चाहान्छु यो प्रदेश सरकारलाई र यो सँगसँगै केहि महिना धनगढी वडा नं.१२ कि रेखा थापाको कैलाली अंचल अस्पतालमा सुत्केरी हुदा डक्टरको लाप्रवाहिले मृत्यु भएको थियो र त्यसपछि प्रदेश सरकार र उहाको परिवारको बीचमा एउटा सम्झौता भएको थियो । बच्चालाई २०, २५ बर्ष सम्म पढाउने, लेखाउने र तब सम्मको लागि भरण पोषणका लागि भनेर सुदूरपश्चिम प्रदेश सरकारले सम्बन्धीत सँग सम्झौता गरेको थियो त्यो कार्यान्वयन नभएको अवस्था छ र त्यसलाई कार्यान्वयन गराउनका लागि सम्बन्धीत मन्त्रालय र प्रदेश सरकारसँग उहाहरुको तर्फबाट मलाई आग्रह गर्न आएको हुनाले मलाई यो कुराहरु सरकारको सामुन्यमा राखिदिनुपर्ने भन्ने उहाबाट आग्रह आएको र यो भन्ने हाम्रो कर्तव्य पनि भएको हुनाले त्यसको लागि पनि म प्रदेशसँग आग्रह गर्न चाहान्छु । धन्यवाद ।

**माननीय गेल्बु सिंह बोहरा :- माननीय सभामुख महोदय,** दार्चुला जिल्लाको महाकाली न.पा. वडा नं.९ मा आषाढ १३ गतेको बर्षातको कारणले विभिन्न ठाउँमा विस्थापित भएका छन् र सँगसँगै बालीनालीको पनि क्षेति भएको छ र

त्यस मध्य पनि ३ वटा घर अति नै जोखिममा परेर उहाहरुलाई अन्यन्त्र स्थानान्तरण गरिएको छ । त्यसैले म माननीय सभामुख मार्फत सुदूरपश्चिम प्रदेश सरकारसँग के अनुरोध गर्न चाहान्छु भने देखिन क्षतिको आकलन गरि प्रदेश सरकारबाटमुवाब्जाको लागि अनुरोध गर्न चाहान्छ । श्रावण २० गतेकै दिन महाकाली नगरपालिकाको बनालि गाउँमा पहिरोको कारणले गर्दा खेरि १८ वटा घरधुरीहरु प्रभावित भएका छन् । जस मध्य १० परिवार घरधुरीलाई हाललाई अन्यत्र सार्ने व्यवस्था भएको छ र ती मध्य पनि ३ वटा घर अति जोखिममा भएको र सो क्षेत्रमा अहिले माथिबाट पनि चर्केको भन्ने कुरा आएको हुनाले सुदूरपश्चिम सरकारबाट आवश्यक त्यसको स्थानान्तरण, निरीक्षण गरि उहाहरुको यथा सुरक्षित स्थानमा बासस्थानको लागि पनि अनुरोध गर्न चाहान्छु र सम्पूर्ण बर्षायाममा जुन पहिरो र अन्य कारणबाट जुन परिवार छन् तिनिहरुको मुआब्जा र जुन बालिनालीको नोक्सान भएको छ त्यसको पनि उचित लगत संकलन गरि सम्पूर्ण प्रभावित परिवारलाई मुआब्जाको लागि सुदूरपश्चिम सरकारलाई आग्रह गर्न चाहान्छु । धन्यवाद ।

**माननीय दुर्गा कुमारी कामीले :-** माननीय सभामुख महोदय, मिति २०७६ आषाढ ७ गते राती २ बजेको अविरल बर्षाले ढकारी गाउँपालिका वडा नं.१ मा करिब २०० घरधुरीले पिउने खानेपानि पहिरोले पुरै ध्वस्त गरेको छ । त्यसै राती गएको पहिरोले ढकारी गाउँपालिका वडा नं.४ गाउँनेमारेमा २५ रोपनी जग्गा र ४०० सय घरधुरी जोखिममा रहेको अवस्था छ । माननीय सभामुख महोदय, हामीले पटक पटक यो सदनमा कुरा उठाई राखेका छौ सदनमा विपद व्यवस्थापन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक यो सदनले गरिमामय सदनले पास गरिसकेको अवस्था छ । विभिन्न मितिमा आएको अविरल बर्षा, असिना, पानि, चट्याङ परेर कतिपय ज्यान गुमाउनु परेको, कतिपय भौतिक सम्पती नष्ट भएको अवस्था छ मानवीय क्षति भएको छ । हामीले पटक पटक सदनमा कुराहरु उठाई राखेका छौ र ती पिडितले अहिले सम्म कुनै पनि राहात उपलब्ध सरकारले गराउन नसकेको अवस्था र पटक पटक सरकारले हामीलाई सुनुवाई नगरेको र प्रतिनिधीले सुनुवाई नगरेको हो कि भनेर हामीले सुन्नु परेको अवस्था छ । यस सदनमा माननीय सभामुख मार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । त्यसै गरि विभिन्न मितिमा अछामकै पंचदेवल विनायक नगरपालिका वडा नं. ३ र ढकारी गाउँपालिका वडा नं.५ मा वडा कार्यालय अज्ञात समुहले जलाएर ध्वस्त गरेको अवस्था छ । त्यसै अन्य ठाउँमा पनि यस्ता घटनाहरु सुनिराखेको छ । हामीले पटक पटक सरकारको ध्यानाकर्षण पनि गराएका छौ त्यसमा त्यस्ता आतंककारी त्यस्ता गतिविधि गर्ने व्यक्तिलाई कानूनको कडघरामा ल्याउन र कार्यालयले व्यहोर्नु परेको क्षति र जनताले जुन अहिले त्रासपूर्ण बाच्नुपरेको अवस्था छ त्यसको अन्त्य गर्नका लागि सरकार समयमै ध्यान जावस भन्ने कुरा राख्न चाहान्छु । माननीय सभामुख महोदय हामीले गत आर्थिक बर्षको शुरुवादमै हामीले भन्ने गरेका थियौ आषाढे बजेटको अन्त्य गर्नुपर्छ हाम्रा कामहरु समयमै सम्पन्न गर्नुपर्छ विगतमा भएका केहि कमि कमजोरीहरुलाई सुधारेर अगाडि लैजानुपर्छ अब हामी आफ्ना काम गर्ने सैली, तर तरिका लाई नितान्त नया हुनुपर्छ जनताले प्रत्यक्ष लाभ पाउने किसिमको हुनुपर्छ भनेर हामीले भन्दै गरेका छौ अहिले पनि यो अषाढे बजेटको चटारो मात्रै प्रत्यक्ष जनताले यो रुपमा पिडा भोग्नु परेको छ त्यसो भएको हुनाले कतिपय ठाउँमा चाहि प्राविधिक मुल्यांकन अनुसार उपभोक्ताले काम नगरिराखेको गुनासोहरु आईराखेका छन् । कतिपय सम्झौता भएको छ तर ती सम्झौता भएका योजनाहरु कार्यान्वयनमा नगैराखेको अवस्था छ यसो भएको कारणले समयमा कार्यविधि बनोस गत सालका कमि कमजोरीहरुलाई सिकाईको रुपमा लिएर यो बर्ष सरकारले समयमै कार्यविधि बनाएर समयमै काम संचालन गरोस भन्ने कुरा म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु र अन्तमा माननीय सभामुख महोदय, यस्तो गर्मि छ धनगढीमा एक मिनेट पनि बत्ति गयो भने बस्न नसक्ने अवस्था छ पटक पटक यो सम्बन्धी कुरा उठि पनि राखेको छ तर पनि यो बत्ति कटौति हुने कुराहरु यो लाई कहासम्म कहा गैसकेको अवस्था छ के कारणले गर्दा खेरि यस्तो समस्या आई राखेको छ यसको छानविन गरेर यो समस्यालाई अन्त्य गर्नको लागि सरकार गम्भिर होस भन्ने कुरा राख्छु धन्यवाद ।

***(बोलिसके पछि)***

४. **माननीय सदस्यहरू,**
आजको शून्य समयमा बोल्ने समय यँहि समाप्त हुन्छ ।

५. **माननीय सदस्यहरू,**
अब **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

६. **माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमती माग्ने प्रस्ताव उपर कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

**७. माननीय सदस्यहरु,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (१) बमोजिम संक्षिप्त बक्तव्य सहित **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह** :- माननीय सभामुख महोदय, **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथि कुनै पनि माननीय सदस्यहरुले विरोधको सूचना दर्ता नगराई विधेयकलाई सभा समक्ष टेबुल गर्न मार्ग प्रसस्त गरिदिनु भएकोले सम्पूर्ण माननीय सदस्यज्यूलाई धन्यवाद प्रदान गर्न चाहान्छु । प्रदेशका केहि ऐनहरु संशोधन गर्न अत्यावश्यक भएकोले प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै उक्त प्रस्तुत विधेयकलाई सचिवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहान्छु । माननीय सभामुखज्यूबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (१) बमोजिम **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** लाई सभा समक्ष टेबुल गर्दछु धन्यवाद ।

*(टेबुल गरेपछि)*

**८. माननीय सदस्यहरु,**

अब, **"केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६"** माथिको आजको कार्बाही यहि समाप्त हुन्छ ।

**९. माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यहि समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल श्रावण २६ गते आईतबार दिउसो ३:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।